
# प्रस्थान




आगोको खाँबोलाई पछ्याउँदै तिनीहरू पहाडहरूहुँदो लाल समुद्रको नजिकै आइपुगे । विशाल समुद्र कसरी तर्ने हो भनी एकआपसमा छलफल गर्दै तिनीहरूले त्यहाँ पाल टाँगे ।
आफ्नो छोराको लागि शोक गरिसकेपछि, फारोको क्रोध पहिले भन्दा दन्किएको छ । दासहरूलाई उनले किन जान दिएको होला ?
रथहरू तयार गर । इस्राएलीहरूको पछि लाग । तिनीहरूलाई कि त फर्काएर ल्याऊ, कि त सबैलाई मार ।
हजूरले भने जस्तै हुनेछ, सम्राट ।

प्रस्थान १४:५-७



हेर, मिश्रीहरूको सेना आउँदैछन् । हामी उजाडस्थानमै फस्यौं अब ।
हामीलाई मार्नै मोशाले हामीलाई यहाँ ल्याएको हो । यो उजाडस्थानमा मर्नुभन्दा त बरू दास भएरै बाँच्नु राम्रा हुन्थ्यो ।
जब मिश्रीहरूले असहाय इस्राएलीहरूलाई देखे र आफ्नो देशमाथि मोशाले ल्याएको कष्टलाई सम्झे, तब तिनीहरू इस्राएलीहरूलाई मार्न तयार भए ।
हाम्रा दायाँ बायाँ पहाडहरू छन् र समुद्र हाम्रो अघि छ । हामी फसेका छौं ।
हामीलाई अहिले बचाउन परमेश्वरले केही गर्नु सक्नुहुन्न ।
तिमीहरू जहाँ छौ, त्यहीं खडा रहो । परमेश्वरले शक्तिशाली प्रकारले हामीलाई बचाउनुहुनेछ ।
परमेश्वरले एक पटक फेरि फाराेको हृदयलाई कठोर बनाउनुभएको छ । आजदेखि तिमीहरूले मिश्रीहरूलाई कहिल्यै देख्नेछैनौं ।

प्रस्थान १४:५-१३


इस्राएलीहरूलाई मार्न फाराओका ६०० चुनिएका रथहरू र मिश्रका अन्य रथहरूमा मिश्रमाथि ल्याइएको विपत्ति र विनाशको बदला लिन मिश्री सेनाहरू अघि बढे ।


मिश्रमा के कुनै चिहान थिएन ?
हामीले त तपाईँलाई भनेकै थियौँ, हामीलाई छोडिदिनुहोस् र हामी मिश्रीहरूकै सेवा गर्नेछौँ ।
तरवारले मर्नुभन्दा त्यही राम्रो थियो !
स्थिर भई खडा होऊ र परमप्रभुको उद्धारलाई हेर ।

प्रस्थान १४:६-१४




प्रस्थान १४:१५, १९-२०








प्रस्थान १४:१९–२०


म फारो र त्यसका सेनाहरूबाट आफ्नो महिमा लिनेछु.....र मिश्रीहरूले जान्नेछन् कि म नै परमप्रभु हुँ ।



प्रस्थान १४:१८-२२




प्रस्थान १४:२२-२३







प्रस्थान १४:२७-२८




प्रस्थान १४:२१-२२,३०, १६:२-३,१६:७-८


मोशाले भनेझैं आकाशबाट रोटी !
हामी किन सधैँ शंका गर्छौं ?
हेर त ! यो जताततै छ ।
ओहो ! यो त, स्वादिष्ट छ । मह जस्तै स्वादको रहेछ ।
साँच्चि नै, परमप्रभु नै परमेश्वर हुनुहुन्छ र मोशा नै उहाँको अगमवक्ता हुनुहुन्छ ।
उजाडस्थानको अवधिभरि परमेश्वरले तिनीहरूलाई स्वर्गदूतको स्वर्गीय भोजन खुवाउनुभयो ।
बादल उनीहरूको पालमा खडा रहेसम्म इस्राएलीहरू पानीको मुहाननेर रहन्थे र तिनीहरूले स्वर्गीय रोटी खान पाउँथे तर बादल सर्न थालेपछि, तिनीहरू पाल पोको पारेर अज्ञात उजाडस्थानतर्फ अघि बढ्थे ।
तर एउटा समय यस्तो पनि आइपुग्यो जब तिनीहरूसित भएको पानी सिद्धियो ।
उहाँले हामीलाई रोटी त दिनुभयो तर अहिले हामीलाई तिर्खाले मार्दैछन् ।
भट्टै पानी पाइएन भने मेरी सानी छोरी मर्नेछिन् ।
हामी मिश्रमै बस्नुपर्थ्यो । अर्को दिन, हाम्रा सबै जनावरहरू मर्नेछन् र त्यसपछि हाम्रा बच्चाहरू पनि मर्न थाल्नेछन् । हामीले आफ्नो टाउको ढुङ्गामा बजार्नु भयो अब ।
परमेश्वर हामीसित हुनुहुन्छ कि हुनुहुन्न ?
म जानेछु र परमप्रभुसित कुरा गर्नेछु ।


के गर्नुपर्ने हो परमेश्वरले मोशालाई बताउनुभयो ।
परमप्रभुको शक्ति आएर हेर । तिमीहरू उहाँमाथि विश्वास नगरी खालि गन्‌गन् मात्र गर्छौ ।
उहाँले तिमीहरूलाई रोटी दिनुभयो र अहिले यो बन्जर चट्टानबाट पानी पनि दिनुहुन्छ ।
ड्याङ !
ओहो !


पानी नदी झैँ बग्न थाल्यो ।
तर पानी मात्र तिनीहरूको समस्या थिएन ।
हेर त त्यहाँ मरुभूमिमा ।
अमालेकीहरू ...
कोही दौडेर गई मोशालाई भनिदेऊ ।
हामीलाई फन्दामा पार्‍यौँ भनी उनीहरूले सोचेका होलान् ।
यहोशू, तिम्रा केही उत्तम मानिसहरू लडाइँका निम्ति चुन ।
भोलि म परमेश्‍वरको लौरो आफ्नो हातमा लिएर पहाडको टाकुरामा उभिनेछु ।

प्रस्थान १७:१–९




प्रस्थान १७:१०–११




प्रस्थान १७:१२–१३


फाराेसितको संग्रामभरि मोशाले आफ्नी श्रीमती र दुई छोराहरूलाई आफ्नो ससुराकहाँ पठाएका थिए र अहिले उनीहरू फर्केका छन् ।
बुबा !
अन्त्यमा, परिवारसित पनि भेट भयो ।
हजूरले मिश्रको सबै सम्पत्तिभन्दा पनि बहुमूल्य कुरा ल्याउनुभएको छ ।
आफ्नी श्रीमती र छोराहरू फर्केको कुरामा आनान्दित हुँदै मोशाले मिश्रीहरूको हातदेखि छुटकारा दिन परमेश्वरले गर्नुभएको कामको बारेमा आफ्नो ससुरालाई बेलिबिस्तार लगाए ।
अब मैले जानेँ कि परमप्रभु सबै ईश्वरहरूभन्दा महान् हुनुहुन्छ किनकि परमेश्वरका जनहरूलाई तिरष्कार गर्ने सबैलाई उहाँले यो गर्नुभयो ।

प्रस्थान १८:१–११






प्रस्थान १८:१३–२३











प्रस्थान १८:२४-२७, १९:१-६,९



इस्राएलीहरूले मिश्र देश छोडेको तीन महिनापछि, तिनीहरू सिनैको उजाडस्थानभित्र प्रवेश गरे ।
र उजाडस्थानमा पर्वतको सामु इस्राएलीहरूले पाल टाँगे ।


अनि मोशा माथि परमेश्‍वरकहाँ गए, अनि त्यस पहाडबाट परमप्रभुले उनलाई बोलाए ।
मिश्रमा मैले के गरेँ, कसरी मैले गरूडहरूका पखेटाहरूमा बोकेर तिमीहरूलाई मैले आफैकहाँ ल्याएँ तिमीहरूले देखेका छौ ।
अब तिमीहरूले पूर्ण रूपले मेरो आज्ञा पालन गर्‍यौ भने सबै जातिहरूबीचबाट तिमीहरू नै मेरो विशेष धन हुनेछौ ।

प्रस्थान १९:१–५


मोशा पहाडबाट तल ओर्लेर परमेश्वरले उनलाई भन्नुभएको सबै कुराहरू मानिसहरूलाई बताइदिए।
हामी आज्ञा मान्नेछौं। परमेश्वरले भन्नुभएको सबै कुराहरू हामी गर्नेछौं।
जाऊ र आफ्ना कपडाहरू धोऊ र नुहाऊ। भोलि परमेश्वरको आराधना गर्न आफैंलाई तयार गर। आजको तीन दिनपछि परमेश्वर तिमीहरूलाई भेट्न आउनुहुनेछ।
परमेश्वरले आज्ञा गर्नुभएअनुसार उहाँ बोल्नुभएको सुन्न तेस्रो दिनमा सबै मानिसहरू पहाडको सामु भेला भए। अनौठो बादल पहाडमाथि ओर्लिआयो र त्यसपछि.......
मोशा, पहाडमाथि आऊ।
मोशा, म यहोवा परमेश्वर हुँ र मैले नै तिमीहरूलाई मिश्रदेशबाट निकालेर ल्याएको हुँ। जब तँ तल जान्छस्, तब पहाड वरिपरि बार लगाउनू।
यदि अरू कसैले पहाड छोयो भने, तिनीहरू मर्नेछन्। म तिमीहरूलाई दश आज्ञाहरू दिनेछु जुन तैँले मानिसहरूलाई बताउनुपर्छ।

प्रस्थान १९:७-२५


मेरो सामु कुनै ईश्वरहरू हुनुहुँदैन।
आफ्नो लागि मूर्ति नबनाउँनू।
परमेश्वरको नाउँ व्यर्थमा नलिनू।
विश्राम दिन पवित्र मान्नू।
आफ्नो आमाबाबुलाई आदर गर्नू
हत्या नगर्नू।
व्यभिचार नगर्नू।
नचोर्नू।
आफ्नो छिमेकीको विरुद्धमा कुनै झुट्टा गवाही नदिनू।
आफ्नो छिमेकीको कुनै थोकको लालच नगर्नू

प्रस्थान १९:३–१७


परमेश्वरले मोशालाई नियमहरूको एउटा पद्धति पनि दिनुभयो जसले सबै इस्राएलीहरूबीच निष्पक्षता कायम गऱ्यो।
व्यक्तिगत क्षति।
कसैले कुनै मानिसलाई हिर्कायो र त्यो मऱ्यो भने त्यो निश्चय नै मारियोस्।
तथापि, यदि उसले जानीजानी त्यो गरेको होइन भने ऊ मैले ठहऱ्याएको शरणस्थानमा भागेर जान सक्छ।
सम्पत्तिको सुरक्षा।
यदि कसैले गोरु वा भेँडा चोऱ्यो र त्यसलाई माऱ्यो वा बेच्यो भने त्यसले गोरुको बदलामा पाँचओटा गोरु, र भेँडाका बदलामा चारओटा भेँडा देओस्।
सामाजिक उत्तरदायित्व।
विधवालाई र अनाथलाई कष्ट नदिनू।
तिमीले परदेशीलाई नसताउनू, न ता उसलाई थिचोमिचो गर्नू किनकि तिमीहरू पनि मिश्रमा परदेशी थियौ।
खराबी गर्न तिमी भीडको पछि नलाग्नू।
गरीबको मुद्दामा उसको न्याय तिमीले नबिगार्नू।



उहाँ पवित्र परमेश्वर हुनुभएकोले उहाँलाई आराधना कसरी गर्ने हो, सो सम्बन्धी निर्देशनहरू पनि उहाँले दिनुभयो ।
रोगी बाछो होइन, स्वस्थ बाछो मात्रै चढाउनू
त्यसमाथि तेल र धूप खन्याउनू...... यो परमेश्वरलाई मनपर्ने सुगन्ध हो ।
तिनीहरू स्वस्थ रहून् भनेर परमेश्वरले आज्ञाहरू दिनुभयो ।
आठौँ दिनमा, केटाको खतना हुनुपर्छ ।
उसलाई अलग राखिनुपर्छ ।
रौँ सेतो भएको छ र त्यहाँ आलो मासु छ भने त्यो स्थायी छाला रोग हो ।
मेरो विश्राम दिन पालन गर र मेरो पवित्रस्थानलाई आदर गर । म परमप्रभु हुँ ।
तिमीले न ता गरीबको पक्ष लिनू, न ता ठूलो मान्छेको धन हेरेर पक्षपात गर्नू तर तिमीले निष्पक्षतापूर्वक छिमेकीको न्याय गर्नू ।
पवित्र होऊ, किनकि म, तिमीहरूको परमप्रभु परमेश्वर पवित्र छु ।


मोशा पहाडबाट ओर्लेर आए र इस्राएलीहरूका सत्तरी अगुवाहरूलाई परमेश्वरका आज्ञाहरू बताइदिए।
हामी गर्नेछौँ।
आज्ञाहरू राम्रै छन्।
तपाईंहरू सत्तरीजना मसितै पर्वतमा फर्किनुपर्छ। परमेश्वरले मलाई भेट्नु भए झैँ तपाईंहरूलाई पनि भेट्नुहुनेछ। तपाईंहरू आफैले यो देख्नुहुनेछ। तर, पहिले परमेश्वरले मसित बोल्नुभएका आज्ञाहरू मैले एउटा पुस्तकमा लेख्नुपर्छ।
परमेश्वरले भन्नुभएअनुसार नै मोशाले होशियारपूर्वक सबै कुराहरू लेखे। कुनै गल्ती नहोस् भनी परमेश्वरको आत्माले नै उसलाई सहायता गर्नुभयो।
मोशाले वचनहरू लेखेर सिद्धयाएपछि उसले मानिसहरूलाई भेला गराए र तिनीहरूलाई ती वचनहरू पढेर सुनाइदिए।
परमेश्वरले भन्नुभएको सबै असल छन् र हामी पालन गर्नेछौँ।
यसरी इस्राएलले परमेश्वरसित करार बाँधे। उहाँले तिनीहरूलाई आशिष दिनुहुनेथियो, जीवन दिनुहुने थियो, शत्रुहरूदेखि तिनीहरूलाई बचाउनुहुनेथियो र तिनीहरूले धार्मिकतामा हिँडेर उहाँका सबै आज्ञाहरू पालन गर्नेथियो।
परमेश्वरले मोशालाई रगतको बलिदान चढाउन र सबै मानिसहरूमाथि छर्कन आज्ञा मान्नुभयो।
सबै जना पापी थिए र मृत्युको योग्य थिए, मोशा र हारुन पनि। तर परमेश्वर कृपालु हुनुहन्थ्यो। उहाँले छुटकाराको बाटो प्रदान गर्नुभयो। निर्दोष पाठो मार्नुभएर त्यसलाई सबै माथि छर्केर परमेश्वरले उनीहरूका पापहरू ढाक्नुभयो र तिनीहरूलाई मृत्युबाट बचाउनु भयो जसको भागीदार उनीहरू थिए। थुमा जो मृत्युका योग्य थिएनन्, तिनी धेरै पापीहरूका लागि मरे जो मृत्युका योग्य थिए।
अब तपाईंहरूका पापहरू ढाकिएका छन्, त्यसैले तपाईं सत्तरी जना मसितै पहाडमाथि जानुहुनेछ र तपाईंहरूले परमेश्वरको महिमा देख्नुहुनेछ।

प्रस्थान २४:१-८


त्यसैले इस्राएलका सत्तरी धर्मगुरुहरू मोशाको पछि लागेर माथि पहाडमा गए जहाँ परमेश्वरले मोशासित बोल्नुभएको थियो ।
अकस्मात् तिनीहरूको सामु परमेश्वरको सिंहासन देखापर्‍यो ।
परमेश्वरको महिमा
मोशा पहाडमाथि गएको र परमेश्वरको चम्किलो महिमामा हराएको सत्तरी धर्मगुरुहरूले देखे ।
कस्तो सुन्दरता ।
र महिमा
परमेश्वरसित आमने सामने बात गर्ने मोशा जस्तो अरू कुनै मानिस छैन ।

प्रस्थान २४:९-१०




*प्रस्थान २०:४, २५:८-९, २८:१-३, ३२:१-४*


मिश्रबाट तिमीहरूलाई बाहिर निकालेर ल्याउने ईश्वर यी यहाँ छन् । भोलि हामी ठूलो बलिदान चढाउनेछौँ र परमप्रभुलाई आराधना गर्नेछौँ ।
हारून अत्यन्त मूर्ख थिए । त्यो मूर्ति ईश्वर होइनन् भनी उनलाई थाहा थियो तर उनी मानिसहरूदेखि डराएका थिए ।
परमेश्वरको आराधना गर्न कुनै प्रकारको मूर्ति नबनाउनू भनी तिनीहरूले आज्ञा पाइसकेका थिए तर तिनीहरूले आफ्नै विचारलाई अनुसरण गर्दै थिए ।
मानिसहरूले त्यस बाछोलाई होमबलि चढाए र खाने, पिउने र मोजमज्जा गर्न थाले । परमेश्वर तिनीहरूलाई नष्ट गर्न तयार हुनुभयो ।
परमेश्वरले मोशालाई भन्नुभयो, “अहिले नै तल ओर्ल । यी मानिसहरूले ठूलो पाप गरेका छन् । एउटा मूर्तिको अघि तिनीहरू नाचेका छन्, त्यसलाई पूजा गरेका छन् । मैले तिनीहरू सबैलाई नष्ट गर्नुपर्छ । तिनीहरूको हृदय कठोर भएको छ । तिनीहरू धार्मिकतामा चल्दैनन्”

प्रस्थान ३२:५-१०




प्रस्थान २०:३-४, ३२:१५-२०




प्रस्थान ३२:२६–२८




प्रस्थान ३४:२८-३२, ३९:३२, गन्ती २१:५-६